# वर्षअघि नै डेढ लाख घर बनिसक्छन् : प्राधिकरण

कारोबार संवाददाता

काठमाडौं, १५ असार




राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज पोखरेलले भूकम्प प्रभावितले वर्षअघि नै डेढ लाख निजी घर बनाइसक्ने बताएका छन् ।

हालसम्म ५ लाख ७५ हजारले पहिलो किस्ता लिए पनि हालसम्म ३० हजार घरमात्र निर्माण सम्पन्न भएको बताउँदै उनले पुनर्निर्माणले गति लिएर वर्षअघि नै यति धेरै प्रभावितका घर बनिसक्ने बताएका हुन् ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भारोमेन्ट (सावती)ले बिहीवार ललितपुरमा आयोजना गरेको प्राकृतिक प्रकोपपछिको पुनर्निर्माण र यसको अवस्थाको पहिलो डाइलगमा डा. पोखरेलले ९८ हजार निर्माणाधीन रहेको र ५९ हजार प्रभावितले दोस्रो किस्ताको लागि आवेदन दिएको जानकारी दिए ।

पुनर्निर्माणको कामलाई विकेन्द्रीकरण गर्न लागेको बताउँदै डा. पोखरेलले गुनासो व्यवस्थापनका लागि तल्लो निकायमा २९३ इन्जिनियर परिचालन गर्न लागेको जानकारी दिए ।

पुनर्निर्माणबारे वर्तमान अवस्थाको प्रस्तुतीकरण गर्दै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा.जगदिशचन्द्र पोखरेलले पहिलो किस्ता लिएर घर नबनाउने भूकम्प प्रभावित धेरै देखिएकाले यसको कारण पत्ता लगाएर समाधानका लागि अघि बढ्नुपर्ने बताए ।

सरकारका पूर्वसचिव किशोर थापाले पुनर्निर्माण प्राधिकरणको पुनर्संरचना गरेर सहज तरिकाले काम गर्ने वातावरण बनाउनुपर्ने बताए । राष्ट्रिय भूकम्प प्रविधि समाजका कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठले पुनर्निर्माणको क्रममा भूकम्प प्रतिरोधात्मक भवनको नयाँ प्रक्रियाबारे प्रभावितलाई बुझाउन नसकिएको, क्षमता अभिवृद्धि हुन नसकेको र बाध्यकारी बनाउन नसकिएकै कारण पुनर्निर्माणमा ढिलाइ भएको बताए ।

सहरी विकास तथा भवन निर्माण विभागका पूर्वकार्यकारी निर्देशक सूर्यभक्त सांगाछेले भूकम्प प्रभावित क्षेत्रको बस्तीबारे सरकारसँग अभिलेख नहुँदा प्रभावितको आवश्यकताको आधारमा भवन डिजाइन दिन नसकिएको बताए । सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले पुनर्निर्माण र अर्थतन्त्रसँगै यसको भावी कार्यदिशाबारे सावतीले डाइलग सुरु गरिएको र यसलाई निरन्तरता दिने जानकारी दिए ।